# राक्सिराङ्ग गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड ०२, संख्या १०, मकवानपुर, मंसिर ०६ गते, २०७५ साल

## भाग २

राक्सिराङ्ग गाउँपालिका

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम राक्सिराङ्ग गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सोही दफाको उपदफा (३) बमोजिम सर्व साधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

## राक्सिराङ्ग गाउँपालिका विद्यालय लेखापरीक्षण कार्यविधि, २०७५

संवत् २०७५ सालको कार्यविधि नं. २१

# राक्सिराङ्ग गाउँपालिका विद्यालय लेखापरीक्षण कार्यविधि, २०७५

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) (ज) मा रहेको विद्यालयको शिक्षा सम्बन्धी काम, कर्तव्य र अधिकार एवं राक्सिराङ्ग गाउँपालिका शिक्षा ऐन, २०७४ को दफा १० (ण), दफा ११ (ट) मा भएको व्यवस्था एवं राक्सिराङ्ग गाउँपालिका शिक्षा ऐन, २०७४ को नियम (३७) ले दिएको अधिकार प्रयोग गरी राक्सिराङ्ग गाउँपालिका गाउँ कार्यपालिकाले विद्यालय लेखापरीक्षण कार्यविधि, २०७५ जारी गरी लागू गरिएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. क) संक्षिप्त नाम र प्रारम्भ : यस कार्यविधिको नाम राक्सिराङ्ग गाउँपालिका विद्यालय लेखापरीक्षण कार्यविधि, २०७५ रहेको छ ।

ख) यो कार्यविधि राक्सिराङ्ग गाउँपालिका क्षेत्र भित्र लागू हुनेछ ।

ग) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) “ऐन” भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ सम्झनु पर्छ ।

(ख) “कार्यविधि” भन्नाले राक्सिराङ्ग गाउँपालिका क्षेत्र भित्रका विद्यालयहरुको लेखापरीक्षण सम्बन्धी कार्यविधि, २०७५ सम्झनु पर्दछ ।

(ग) “गाउँपालिका” भन्नाले राक्सिराङ्ग गाउँपालिका लाई संम्झनु पर्छ ।

(घ) “अध्यक्ष” भन्नाले राक्सिराङ्ग गाउँपालिकाको गाउँपालिका अध्यक्ष सम्झनु पर्छ ।

(ङ) "उपाध्यक्ष" भन्नाले राक्सिराङ्ग गाउँपालिकाको गाउँपालिका उपाध्यक्ष सम्झनु पर्छ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले राक्सिराङ्ग गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ।

(छ) "शिक्षा, युवा तथा खेलकुद शाखा" भन्नाले गाउँपालिका अर्न्तगतको शैक्षिक प्रशासन, युवा तथा खेलकुद सम्बन्धी कार्यक्रम गर्ने शाखालाई सम्झनु पर्दछ।

(ज) "लेखापरीक्षण" भन्नाले आन्तरिक र अन्तिम लेखापरीक्षणलाई सम्झनु पर्छ।

(झ) "लेखापरीक्षक" भन्नाले लेखापरीक्षण गर्ने कार्यको लागि प्रचलित कानून वमोजिम प्रमाण-पत्र प्राप्त व्यक्ति/संस्था वा फर्मलाई जनाउँछ।

## परिच्छेद-२

## लेखापरीक्षण सम्बन्धी व्यवस्था

३. सम्बन्धित विद्यालयले लेखापरीक्षणका लागि विद्यालय व्यवस्थापन समितिको निर्णय सहित कम्तिमा तीन (३) जना लेखापरीक्षक/फर्म सिफारिस गरी तोकिएको समयावधि भित्र राक्सिराङ्ग गाउँपालिकाका गाउँ कार्यपालिकाको आन्तरीक लेखापरीक्षण शाखामा पठाई सक्नु पर्दछ।

४. लेखापरीक्षक नियुक्तिका लागि संलग्न गर्नुपर्ने कागजातहरु :

(क) लेखापरीक्षकको पेशागत प्रमाण-पत्र नविकरण गरेको प्रमाण-पत्रको प्रतिलिपि।

(ख) आन्तरिक राजस्व कार्यालयबाट कर दर्ता प्रमाण पत्र र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।

५. विद्यालयको लेखापरीक्षण सम्बन्धी निवेदनको ढाँचा, सिफारिसको ढाँचा, नियुक्तिको ढाँचा क्रमश अनुसूचि १, २ र ३ बमोजिम हुनेछ।

# परिच्छेद-३
# लेखापरीक्षक छनौट समिति

६. लेखापरीक्षक छनौट समिति देहाय बमोजिम हुनेछ ।

संयोजक : प्रमुख प्रशासकीय अधिकृत

सदस्य : आर्थिक प्रशासन शाखा प्रमुख

सदस्य : शिक्षा संयोजक

सदस्य-सचिवः आन्तरीक लेखापरीक्षण शाखा प्रमुख

७. दफा ६ बमोजिम गठित लेखापरीक्षक छनौट समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) आर्थिक बर्ष शुरु भएको दुई महिना भित्र लेखापरीक्षणको लागि राष्ट्रियस्तरको पत्रिकामा तीस (३०) दिनको र गाउँपालिकाको वेभ साइटमा, आसयपत्र पेश गर्ने सम्वन्धी सार्वजनिक सूचना प्रकाशित गर्ने ।

(ख) लेखापरीक्षक छनौटका लागि मापदण्ड एवं सूचकहरु तयार गरी प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत गराउने ।

(ग) प्रकरण (क) बमोजिम प्राप्त आशयपत्र उपर छानविन गर्ने ।

(घ) लेखापरीक्षक नियुक्ति गरी सम्वन्धीत लेखापरीक्षक र विद्यालयलाई लिखित जानकारी गराउने ।

(ङ) लेखापरीक्षण सम्बन्धमा आइपरेका समस्या उपर लेखापरीक्षण छनौट समितिको बैठक बसी आवश्यक निर्णय गर्ने ।

(च) सामुदायिक विद्यालयहरुको कम्तिमा चौमासिक रुपमा लेखापरीक्षण प्रतिवेदन उपर अध्ययन गरी वेरुजु सम्परीक्षण गराउन सहजीकरण एवं निर्देशन दिने ।

(छ) विद्यालयहरुको एक आर्थिक वर्षमा कम्तिमा १ (एक) पटक स्थलगत अध्ययन गरी लेखा एवं लेखापरीक्षण सम्बन्धमा अनुगमन निरीक्षण गरी राक्सिराङ्ग गाउँपालिका गाउँ कार्यपालिका समक्ष प्रतिवेदन पेश गर्ने ।

(ज) एउटै लेखापरीक्षकलाई एउटै विद्यालयमा लगातार दुई आर्थिक वर्षका लागि भन्दा बढी नियुक्ति गर्न पाइने छैन ।

(झ) राक्सिराङ्ग गाउँपालिकाले तोके बमोजिमका लेखापरीक्षण सम्बन्धी अन्य कार्य गर्ने ।

(ञ) सम्बन्धित विद्यालयबाट कम्तीमा तीन (३) जना लेखापरीक्षकको नाम सिफारिस गरी माग गर्ने ।

(ट) तोकिएको अवधि भित्र सम्वन्धित विद्यालयहरुवाट लेखापरीक्षकको नामावली सिफारीस भई नआएमा माथि उल्लेखित समितिले लेखापरीक्षक छनौट गर्नेछ ।

## ८. विद्यालयको कर्त्तव्य :

क) राक्सिराङ्ग गाउँपालिकावाट खटाईएको लेखापरीक्षकबाट लेखापरीक्षण गराउनु सम्बन्धित विद्यालयको कर्तव्य हुनेछ ।

ख) राक्सिराङ्ग गाउँपालिकावाट खटाईएको लेखापरीक्षकबाट लेखापरीक्षण नगराएमा, उक्त विद्यालयको निकासा लगायतका अन्य सेवामा रोक लगाउन सक्नेछ ।

९. दफा ६ बमोजिम लेखापरीक्षण छनौट समितिको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतवाट लेखापरीक्षक छनौट एवं नियूक्त हुनेछन् ।

१०. सचिवालाय : विद्यालयहरुको लेखापरीक्षण सम्वन्धि कार्य गर्न एवं दफा (६) वमोजिम गठित समितिको सचिवालयको रुपमा आन्तरीक लेखापरीक्षण शाखाले कार्य गर्नुपर्नेछ ।

## परिच्छेद-४

## लेखापरीक्षकको पारिश्रमिक

११. लेखापरीक्षण शुल्क : लेखापरीक्षण गरे वापत सम्बन्धित विद्यालयवाट देहाय बमोजिमको शुल्क दिनुपर्नेछ ।

(क) आय/व्यय विवरणमा स्थिर सम्पत्ति मूल्यांकन र मुद्दती खाताको रकम समावेश हुने छैन् । लेखापरीक्षकले प्राप्त गर्ने पारिश्रमिक, आय/व्यय विवरणका आधारमा सय कडा ०/२२ (वाईस) पैसाका दरले प्रतिवेदन बुझाए पछि बिद्यालयबाटै रकम भुक्तानी हुनेछ । उक्त पारिश्रमिक रकममा आय कर नियमानुसार कट्टी हुनेछ । विद्यालयहरुले गाउँपालिकावाट तोकिएको रकम भन्दा बढि पारिश्रमिक दिन पाउने छैन ।

(ख) माथि उल्लेखित रकम भन्दा बढी रकम विद्यालयवाट लेखापरीक्षकले दावी गर्न पाइने छैन् । लेखा परीक्षकले नियमानुसार हुन आउने रकम भन्दा बढी माग गरेमा सम्बन्धित विद्यालयले रकम भुक्तानी नगरी तुरुन्त राक्सिराङ्ग गाउँपालिकामा जानकारी गराउनु पर्नेछ ।

(ग) राक्सिराङ्ग गाउँपालिकाले विशेष अवस्थामा लेखापरीक्षकको नियुक्ती रद्द गर्न सक्नेछ ।

## परिच्छेद-५
## आन्तरीक लेखापरीक्षण

१२. प्रत्येक वर्ष राक्सिराङ्ग गाउँपालिकाले नमुना छनौटका आधारमा कम्तिमा १५ (पन्ध्र) सामुदायिक विद्यालयको आन्तरीक लेखापरीक्षण गाउँपालिकाको आन्तरीक लेखापरीक्षण शाखावाट सम्पादन गराउन सक्नेछ । सामान्यतया चौमासिकरुपमा आन्तरीक लेखापरीक्षण गरी सोको प्रतिवेदन सम्बन्धित विद्यालय र गाउँपालिका समक्ष पेश गर्नु पर्नेछ ।

१३. आन्तरीक लेखापरीक्षण वापतको पारिश्रमिक लिन/दिन पाइने छैन ।

# परिच्छेद-६
## अन्तिम लेखापरीक्षण प्रतिवेदन उपर कारवाही

१४. लेखापरीक्षकले दिएको लेखापरीक्षण प्रतिवेदन स्तरीय र सन्तोषजनक नभएमा प्रमुख प्रशासकीय अधिकृतले सोको जानकारी महालेखा परीक्षकको कार्यालय समक्ष पुष्ट्याई सहित पठाउनु पर्नेछ । उक्त लेखापरीक्षण प्रतिवेदनउपर महालेखा परीक्षकको कार्यालयबाट प्राप्त निर्देशन वा सुझावको कार्यान्वयन गर्ने जिम्मेवारी गाउँपालिकाको हुनेछ ।

# परिच्छेद-७
## वेरुजु र संम्परीक्षण

१५. आन्तरीक र अन्तिम लेखापरीक्षणबाट कायम भएको बेरुजुको लगत तयार गर्ने र सम्परीक्षणको लागि राक्सिराङ्ग गाउँपालिकामा पेश गर्ने दायित्व सम्वन्धित विद्यालयको हुनेछ ।

१६. बेरुजु फछ्र्यौट गरी सम्परीक्षण गराउने दायित्व भएका अधिकार प्राप्त अधिकारी वा कर्मचारी सरुवा बढुवा वा अवकास भई कार्यालय छाड्नु पर्दा निजले फछ्र्यौट गर्न बाँकी रहको बेरुजु लगत तथा कारोबार सम्बन्धी कारबाहीको सम्पूर्ण विवरण खोली वहालवाला जिम्मेवारी प्राप्त अधिकारीलाई वुझाउनु पर्नेछ । जिम्मेवारी प्राप्त अधिकारीले उपरोक्त बमोजिम बुझिलिई बेरुजु फछ्र्योट गर्नु, गराउनु पर्नेछ ।

# अनुसूची (१)
# लेखापरीक्षकले दिने निवेदनको ढाँचा

मिति :

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू
राक्सिराङ्ग गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
चैनपुर, मकवानपुर ।

विषय : विद्यालयको लेखापरीक्षणका लागि आशय-पत्र पेश गरिएको ।

महोदय,

प्रस्तुत विषयमा यस गाउँपालिका अर्न्तगत रहेका सामुदायिक तथा संस्थागत विद्यालयहरुको आ.ब ..........को लेखापरीक्षणका लागि प्रकाशित सूचना वमोजिम आशय पत्र माग गरिएकोमा, मेरो नाममा रहेको लेखापरीक्षण संस्थावाट यस गाउँपालिका अर्न्तगतका विद्यालयहरुको अन्तिम लेखापरीक्षणका लागि आशयपत्र साथ तपसील वमोजिमका लेखापरीक्षण संग सम्वन्धित प्रमाण-पत्रहरुको संलग्न गरी पेश गरेको व्यहोरा श्रीमान समक्ष अनुरोध छ ।

( लेखापरीक्षक )

तपसिल

क) पेशागत प्रमाण-पत्रको नविकरण सम्वन्धी प्रमाणित फोटोकपी -१
ख) प्यान/भ्याट दर्ताको फोटोकपी -१
ग) चालू आ.व भन्दा अगाडीको कर चुक्ता प्रमाण-पत्र -१
घ) नागरिकताको प्रतिलिपी -१
ङ) संस्थाको प्रोफाईल-१

# अनुसूची-२
# लेखापरीक्षक सिफारिसको ढाँचा
## राक्सिराङ्ग गाउँपालिका
## ........विद्यालय
## चैनपुर, मकवानपुर ।

प.स :०७५/०७६
च.नं:

मिति :

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
राक्सिराङ्ग गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, चैनपुर, मकवानपुर ।

विषय : लेखापरीक्षकको नाम सिफारिस गरि पठाईएको ।

प्रस्तुत विषयमा यस विद्यालयको व्यवस्थापन समितिको मिति ......................मा वसेको वैठकवाट यस आर्थिक वर्ष सम्मको अन्तिम लेखापरीक्षणका लागि त्यस कार्यालयवाट प्रेसित लेखापरीक्षकहरुको सूची मध्येवाट तपसिल वमोजिम ३ (तीन) जना लेखापरीक्षकहरुको नामावली सिफारिस गर्ने निर्णय भएको छ । सोही वमोजिमका नामावली मध्येवाट एक जना लेखापरीक्षक नियुक्त गरिदिनु हुन अनुरोध छ ।

तपसिल

| क्र.स | नाम,थर | प्र.प.नं | मोबाईल.नं |
|---|---|---|---|
| १ | श्री | | |
| २ | श्री | | |
| ३ | श्री | | |

......................
(प्रधानाध्यापक )

# अनुसूची-३

## लेखापरीक्षक नियुक्तीको ढाँचा

राक्सिराङ्ग गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

चैनपुर, मकवानपुर

मितिः

प.सं.

च.नं.

श्री .........................

उपर्युक्त बिषयमा तपसिल बमोजिमको बिद्यालयको आ.व ०७..../०७..... सम्मको लेखापरीक्षण गर्न तपाईलाई यस कार्यालयको मिति....................को निर्णयानुसार लेखापरीक्षकमा नियूक्ति गरीएको छ। नियमानुसार लेखापरीक्षण गरी प्रतिवेदन यस कार्यालयमा पेश गर्नु हुन अनुरोध छ।

अन्तिम लेखापरीक्षण गर्न तोकीएको बिद्यालय

| सि.नं | बिद्यालयको नाम, ठेगाना | सि.नं | बिद्यालयको नाम, ठेगाना |
|---|---|---|---|
| १ | | २ | |

१. विद्यालयको लेखापरीक्षण गर्दा सरकारी अनुदान तथा विद्यालयको आन्तरीक श्रोतबाट भएको यथार्थ आय-व्यय देखिने गरी पेश गर्नु पर्नेछ।

२. विद्यालयको भौतिक सम्पत्ति, जिन्सी सामान तथा जग्गा सम्बन्धी विवरण स्पष्टरुपमा खुलाउनु पर्नेछ।

३. आम्दानी र खर्च प्रचलित ऐन, नियम अनुसार भए/नभएको हेर्नुपर्नेछ।

४ बिद्यालयको ले.प कार्य गर्दा बिद्यालय व्यबस्थापन समितिलाई समेत जानकारी गराई गर्नुपर्नेछ।

५. लेखापरीक्षण प्रतिवेदन, लेखापरीक्षक नियूक्ति भएको मितिले १५ (पन्द्र) दिन भित्र पेश गरी सक्नुपर्नेछ।

६. आय/व्यय विवरणमा स्थिर सम्पत्ति मूल्यांकनको रकम र मुद्दती खाताको रकम समाबेश हुने छैन् । लेखापरीक्षकले प्राप्त गर्ने पारिश्रमीक आय/व्यय विवरणका आधारमा सयकडा ०/२२ (वाईस) पैसाका दरले प्रतिबेदन बुझाए पछि बिद्यालयबाटै रकम भुक्तानी हुनेछ ।

७. लेखापरीक्षण गर्दा, बिद्यालयले घर भाडा भुक्तानी गर्दा अग्रिम कर कट्टी गरे/नगरेको, कर योग्य आय भएका शिक्षकहरुको कर कट्टी गरे/नगरेको, तलब भुक्तानी गर्दा १% (प्रतिशत) सामाजिक सुरक्षा कर कट्टी गरे/नगरेको, स्थायी शिक्षकहरुको क.सं.कोष, ना.ल.कोष, सावधिक जीवन विमा वापतको रकम कट्टी गरी ती रकमहरु समयमै सम्बन्धित खातामा दाखिला गरे/नगरेको विवरण समेत पेश गर्नुपर्नेछ ।

८. कार्यालयबाट छात्रवृत्ति र पाठ्यपुस्तकमा निकासा भएको रकम विद्यार्थीलाई वितरण गरे/नगरेको प्रतिवेदनमा उल्लेख गर्नुपर्नेछ ।

९. भौतिक निर्माण तर्फ विभिन्न शिर्षकमा निकासा भएको रकम सम्वन्धित शिर्षकमा खर्च भए/नभएको प्रतिवेदनमा उल्लेख गर्नुपर्नेछ ।

१०. उपरोक्त लेखिए बाहेकका अन्य कुराहरु, स्थानीय शिक्षा ऐन, २०७४ अनुसार गर्ने/गराउने र सोही बमोजिम प्रतिबेदन पेश गर्नुपर्नेछ । भ्याटमा दर्ता नभएका लेखापरीक्षकहरुको पारिश्रमिक रकम भुक्तानी गर्दा १५ प्रतिशतले हुने रकम अग्रिम आय कर वापत कट्टा गरी भुक्तानी हुनेछ, तर भ्याटमा दर्ता भएका लेखापरीक्षकहरुको पारिश्रमिक भुक्तानी गर्दा १.५ प्रतिशत पारिश्रमिक कर कट्टा गरी भुक्तानी दिनुपर्नेछ ।

११. तोकिएको समयमा प्रतिवेदन कार्यालयमा प्राप्त नभएमा अर्को लेखापरीक्षक पठाई लेखापरीक्षण कार्य सम्पादन गराईनेछ ।

१२. लेखापरीक्षण गर्दा प्रचलित लेखापरीक्षण मापदण्डहरु, लेखापरीक्षण ऐन, २०४८ तथा नेपाल चार्टड एकाउण्टेण्ट्स संस्था बाट जारी भएको विद्यालयको लेखापरीक्षण निर्देशिकालाई समेतलाई अवलम्वन गर्नु पर्नेछ ।

(प्रमुख प्रशासकीय अधिकृत )

बोधार्थ :

श्री ........विद्यालय : उपर्युक्त अनुसार त्यस विद्यालयको आ.ब ०७..../०७... सम्मको लेखापरीक्षण सम्पन्न गराई सोको जानकारी यस कार्यालयलाई समेत गराउनु हुन एवं नियमानुसार कर कट्टी गरि लेखापरीक्षकको. पारिश्रमिक त्यसै विद्यालयबाट भुक्तानी दिनुहुन अनुरोध छ ।

**आज्ञाले**

**रामकुमार पुडासैनी**

**प्रमुख प्रशासकिय अधिकृत**

**राक्सिराङ्ग गाउँपालिका, चैनपुर, मकवानपुर/ मुद्रण रु १० मात्र**